# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२८१९

कोशी प्रदेश, नेपाल

प.सं.: २०८२।०८३
सूचना नं. ५ (राजस्व)

मितिः २०८२।०७।२७

### स्थानीय करहरुमा छुट तथा जरिवाना मिनाह सम्बन्धी सूचना ।

आर्थिक वर्ष २०८२।८३ का लागि इटहरी उपमहानगपालिकाको आर्थिक ऐन, २०८२ मा व्यवस्था गरिएका तपसिलबमोजिमका छुट तथा जरिवाना मिनाह सम्बन्धी सुविधाहरुबाट लाभान्वित हुनु हुन सम्बन्धित सबै नगरबासीमा हार्दिक अनुरोध गरिन्छ ।

तपसिलः

क) <u>सम्पत्ति तथा भूमि कर</u>

१. २०८२ पुस मसान्तभित्र चालु आ.व.को करमा १०% छुट,
२. आ.व. २०८१।८२ र सो भन्दा अगाडिको सम्पत्ति तथा भूमि करमा लाग्ने थप ब्याज, दण्ड तथा जरिवाना मिनाह गरिने।

ख) <u>व्यवसाय कर</u>

१. २०८२ पुस मसान्तभित्र चालु आ.व.को करमा १०% छुट,
२. आ.व. २०८१।८२ र सो भन्दा अगाडिको व्यवसाय करमा लाग्ने थप ब्याज, दण्ड तथा जरिवाना मिनाह,
३. दर्ता गरी विविध कारणले सञ्चालन गर्न नसकेका र कम्तीमा विगत २ आर्थिक वर्षको कारोबार शुन्य रहेका व्यवसाय बन्द गर्न चाहेमा नियमानुसार लाग्ने करमा ७५% छुट,
४. आ.व. २०७४।७५ सम्मको सम्पुर्ण व्यवसाय कर मिनाह,
५. पुँजीको आधारमा मात्र व्यवसाय कर असुल गरिने ।

ग) <u>बहाल कर</u>

१. बहाल करको दर व्यवसायीक तथा संस्थागत प्रयोजनका लागि ७% र आवासीय प्रयोजनका लागि ५% कायम गरिएको,
२. २०८२ पुस मसान्तभित्र चालु आ.व.को एकमुष्ट बहाल कर बुझाएमा १०% छुट,
२. २०७४।७५ सम्मको सम्पूर्ण बहाल कर मिनाह ।

प्रमुख प्रशासकीय अधिकृत

**मीनबहादुर भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**